म्याङलुङ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
म्याङलुङ तेह्रथुम
१ नं. प्रदेश नेपाल

# म्याङ्लुङ नगरपलिका

## म्याङ्लुङ तेह्रथुम

# नगरवासीसँग मेयर कार्यक्रम २०७५

फोन : ०२६४६०४२५ ,९८५२०५३०४२
इमेल : **myanglungmunicipality@gmail.com**
**वेवसाईट : www.myanglungmun.gov.np**

# म्याङलुङ नगरपालिकाको नक्सा



# म्याग्दी म्याङलुङ नगरपालिका

## नगरवासीसँग मेयर कार्यक्रम २०७५
## सार्वजनीक सुनुवाई

### १. परिचय :

२०७४ सालमा जनताको अभिमतद्वारा नगरपालिकाको नेतृत्व सम्हाले पश्चात **नगर प्रमुख, उपप्रमुख, वडा अध्यक्ष एव जनप्रतिनिधि समक्ष नगरवासीहरुले** अनगिन्ति अपेक्षाहरु लिएको पाइन्छ । लामो समय पश्चात बलिदानिपुर्ण संघर्षका बावजुत नेपाली जनताले स्थानीय सरकार पाएका छन् । लामो समय जनप्रतिनिधि विहिन शासन व्यहोरेका नेपाली जनताले आफैले निर्वाचित गरेका प्रतिनिधिहरुमार्फत स्थानीय सरकारको सन्चालन हुने अवस्था आएकोले द्वन्द्वको चपेटावाट शान्ती स्थापना हुँदै सामाजिक रुपान्तरणको वाटोमा लम्किने अवसर आएको महसुस गरेको हुनाले पनि जनप्रतिनिधि समक्ष जनताले अपेक्षा राख्नु स्वभाविक पनि छ ।

नेपालमा लोकतान्त्रिक गणतन्त्रको स्थापना भए पश्चात जारी भएको संविधान र संविधानले व्यवस्था अनुसार राज्यको पुनरसंरचना पनि भएको छ र संविधानले व्यवस्था गरे अनुरुप ३ तहको सरकारको व्यवस्था भएको छ । ती तीन तहको सरकार मध्ये स्थानीय सरकार नै त्यस्तो सरकार हो जसले प्रत्यक्ष रुपमा जनता सँग हेलमेल गर्दछ,, जनतालाई नजिकको सरकारको अनुभुति गराउँछ । यसरी जनताहरुको प्रत्यक्ष पहुँचमा भएको सरकार स्थानीय सरकार नै हो अर्थात नगरपालिका गाउँपालिकाहरु हन । त्यसैले नयाँ युगमा प्रवेश गरेको नेपालको नयाँ संविधान, नयाँ संरचना अनुसारको नयाँ सरकार भएको कारण स्थानीय सरकार नगरवासीहरुको घर आँगन र दैलोमा पुग्नु आवस्यक छ । २०७४ सालको स्थानीय निर्वाचन पश्चात म्याङलुङ नगरवासीहरुले पनि आफ्नो मत द्वारा आफ्नै सरकार गठन गरेका छन र अव जनप्रतिनिधि मार्फत विकास र सम्मृद्धिको थालनी हुनेछ भनेर आशा र भरोसाका साथ हामि निर्वाचित नगर सरकार समक्ष नगरवासी जनताहरुले हेरी रहेका छन् र छिटो भन्दा छिटो धेरै भन्दा धेरै परिवर्तन चाहिरहेका छन् । नगरपालिकाका नेतृत्वमा आउने हामिले पनि सकेसम्म चाँडै नै परिवर्तनको महसुस नगरपालिकाका नगरवासिसामु दिन चाहान्छौं र विभिन्न प्रयास र सके सम्मको प्रयास पनि गरि रहेका छौं । यद्यपि हामिमा भएको श्रोत र साधन हाम्रो विकास प्रतिको चाहाना र जनताको वा नगरवासीहरुको अपेक्षा बीच तालमेल मिल्न सकेको छैन । हाम्रो अभिलासा, जनताको अपेक्षा धेरै ठुलो छ भने हामिले लगानि गर्ने आर्थिक श्रोत ज्यादै कम छ । वजेट कम नै छ । त्यसैले यो सव हाल सम्मको प्रयास र अव गरिने प्रयास तथा जनताको अपेक्षाहरु वारे छलफल अन्तरक्रिया गर्दै प्रष्ट हुन तथा आगामि रणनिति वनाउन समेत सहयोग पुग्ने हुनाले **म्याङलुङ नगरपालिकाका प्रमुख श्री सन्जयकुमार तुम्वाहाङ्गफेको नेतृत्वमा** नगरकार्यपालिकाका सदस्यहरु, नगरपालिकाका विभिन्न शाखाका कर्मचारीहरु सम्मिलित नगर सरकारका प्रतिनिधिहरु नगरपालिकाका विभिन्न समुदायहरुमा साक्षात्कार गर्दै छलफल र अन्तरक्रिया गर्नको लागि **"नगरवासीसँग मेयर कार्यक्रम २०७५" सार्वजनीक सुनुवाई** भन्ने कार्यक्रमका साथ विभिन्न वस्तिमा भेटघाट तथा छलफल कार्यक्रम आयोजना गरिएको छ ।

उप-सचिव
प्रमुख प्रशासकिय अधिकृत

## २. नगरवासी सँग नगरपालिका कार्यक्रमको उद्धेश्य :

यो कार्यक्रममा निम्न उद्देश्यहरु राखिएको छ :

- नगरपालिकाले हाल सन्चालन गरिहेको कार्यक्रमहरुवारे विकासका गतिविधिहरुवारे स्थानीय जनताहरुलाइ विस्तृत रुपमा जानकारी गर्ने गराउने ।
- जनताहरुको गुनाासो प्रत्यक्ष रुपमा सुन्ने ।
- जनताको आवश्यकताहरु वुझ्ने र सुचिकृत गर्ने ।
- विकास, सम्भावनाको वारेमा जनतासँग प्रत्यक्ष कुराकानि गर्ने सम्भावनाहरुको खोजि गर्ने ।
- जनताको गुनासो तथा आवश्यकताको आधारमा आगामि योजनाहरु तर्जुमा गर्ने ।

## ३ कार्यक्रममा सहभागिहरू :

### क . कार्यक्रममा तपशिल वमोजिमको उपस्थिति रहनेछ :

- नगर प्रमुख श्री सन्जय कुमार तुम्वाहाम्फे
- नगर उपप्रमुख श्री पार्वति सानु डाँगि
- प्रमुख प्रशासकीय अधिकृत श्री राम प्रसाद वाग्ले
- नगर विकास विज्ञ श्री कृष्ण चोडबाङ
- वडा अध्यक्ष
- नगरकार्यपालिका सदस्यहरु
- वडा सदस्यहरु
- सल्लाहकार समितिको टीम
- नगर प्रमुखको स्वकीय सचिव श्री नविन खतिवडा
- कृषि तथा पशु सेवा शाखा प्रमुख वा प्रतिनिधि
- शिक्षा शाखा प्रमुख वा प्रतिनिधि
- महिला विकास शाखा प्रमुख वा प्रतिनिधि
- स्वास्थ्य शाखा प्रमुख वा प्रतिनिधि
- सथानिय पत्रकारको तथा रेडीयोको रेकडीङ्ग टीम

### ३.ख. स्थानीय स्तरमा सहभागिहरु:

- उपभोक्ता समितिको प्रमख
- स्थानीय टोलवासी जनताहरु
- समाजसेवी वुद्धिजिविहरु
- स्थानीय संघ संस्थाका कर्मचारीहरु तथा प्रतिनिधिहरु
- शिक्षक, शिक्षा विद तथा अगुवा व्यक्तित्वहरु
- स्थानीय उद्यमीहरु, कृषकहरु, व्यापारीहरु

उप-सचिव
(प्रमुख प्रशासकिय अधिकृत)

## ४. छलफलका विषयहरू र अभिलेखिकरण :

- स्थानीय स्तर टोल वस्तिहरुको विकास कसरी गर्न सकिन्छ ?
- वस्ति स्तरको पहिलो प्राथमिकता प्राप्त योजनाहरु के के हुन् ?
- कृषि उत्पादन वाट चिनाउन सकिने पहिलो नगदेवालिहरु के के हुन सक्छन ?
- वस्ति स्तर को सम्मृद्धि के वाट आउन सक्छ?
- शिक्षा क्षेत्रको गुणस्तर कसरी सुधार गर्न के कस्तो कदम चाल्नु पर्ला ?
- स्वास्थ्य क्षेत्रको समस्याहरु के के हुन् , सुधार का लागि के कस्ता कदमहरु चाल्नु पर्ला ?
- भौतिक पुर्वाधार तर्फ पहिलो प्राथमिकतामा रहेका पुर्वाधार विकासका कार्यक्रमहरु के के हुन् ?
- उद्यम विकास तथा उद्यमशिलता विकासको लागि के के गर्न सकिन्छ ?
- कृषि व्यवसायिकरणका लागि के के गर्नु पर्ला ?
- हिंसा रहित समुन्नत समाज कसरी निर्माण गर्न सकिन्छ ?
- वाल मैत्रि नगरपालिका कसरी वनाउन सकिन्छ ?
- अन्य टोल वासी समुदायहरुले अपेक्षा के के छन् ?

माथि उल्लेखित विषय वस्तु तथा थप अन्य आएका विषय वस्तु माथि वस्ति स्तरका समुदायहरु सँग गहन ढंगले छलफल हुनेछ । छलफलमा उठेका विषय वस्तुहरुलाइ विषयगत शाखा वाट दिन पर्ने जवाफहरु विषयगत समितिका प्रतिनिधहरुले दिनेछन् र समग्रमा नगरपालिका का नगर प्रमुखले समुदायहरुलाइ सम्वोधन गर्दै नगरपालिकाको सम्पुर्ण गतिविधिहरु लगायत धारणा हरु जनता समक्ष राख्नुहुनेछ ।

## ५. अभिलेखिकरण उपसमिति :

छलफलमा उठेका विषय वस्तुहरुलाइ अभिलेखिकरण गरिनेछ र दस्तावेज तयार गरिनेछ । अभिलेखीकरणको निम्ति तपशिल वमोजिमको उपसमिति रहनेछ ।

- श्री नविन खतिवडा : संयोजक
- श्री वुनु राइ : सदस्य
- श्री भगिश्वर लिम्बु : सदस्य

## ६. प्रतिवेदन वा दस्तावेज तयारी :

अभिलेखिकरण उपसमितिले तयार गरेको अभिलेखलाइ व्याख्या विश्लेषण गरि एक प्रतिवेदन वा दस्तावेज तयार गरिने छ । जसलाइ अन्तिम रुप दिने कार्य नगर विकास विज्ञ श्री कृष्ण चोङवाङले गर्नुहुनेछ ।

उप-सचिव
(प्रमुख प्रशासकिय अधिकृत)

**५ छलफल गरिने मिति र स्थानहरू :**

| वडा नं | स्थान | मिति | समय |
|---|---|---|---|
| १ | वडा कार्यालय | पैाष १ गते | ११ बजे |
| २ | वडा कार्यालय | पैाष १० गते | ११ बजे |
| ३ | नागदह स्कुल | पैाष १४ गते | ११ बजे |
| ४ | वडा कार्यालय | पैाष १२ गते | ११ बजे |
| ५ | वडा कार्यालय | पैाष ५ गते | ११ बजे |
| ६ | वडा कार्यालय | पैाष ६ गते | ११ बजे |
| ७ | शिव मन्दीर | पैाष ८ गते | ११ बजे |
| ८ | कोबेक स्कुल | पैाष ९ गते | ११ बजे |
| ८ | सरस्वती स्कुल | पैाष ११ गते | ११ बजे |
| ९ | वडा कार्यालय | पैाष १६ गते | ११ बजे |
| १० | शिक्षक संगठनको को हल | पैाष २१ गते | ११ बजे |

उप-सचिव
(प्रमुख प्रशासकिय अधिकृत)